


वर्ष ४५ | अङ्क ५ | माघ २०७७ | जनवरी-फेब्रुअरी २०२१

# अर्थतन्त्र पुनरुत्थानको दिशातर्फ: गभर्नर अधिकारी




गभर्नर महाप्रसाद अधिकारीले कोभिड-१९ का कारण प्रभावित अर्थतन्त्र पुनरुत्थानको दिशातर्फ अग्रसर रहेको बताउनुभएको छ।

२०७७ पुस १४ गते आयोजित नेपाल बैंकर्स संघको ३४ सौं साधारणसभालाई सम्बोधन गर्दै गभर्नर अधिकारीले भन्नुभयो, "अर्थतन्त्रको पुनरुत्थानमा अन्य मुलुकले राम्रो प्रयास गरिरहेका छन् । हामी पनि त्यही दिशातर्फ अग्रसर छौं ।" पछिल्लो चार महिनाको वित्तीय परिसूचकले अर्थतन्त्र पुनरुत्थानतर्फ उन्मुख रहेको सङ्केत दिएको जानकारी उहाँले दिनुभयो । "अर्थतन्त्रमा परेको कोभिडको प्रभावलाई न्यूनीकरण गर्न हामीले विभिन्न नीतिगत व्यवस्था अवलम्बन गऱ्यौं । त्यसको सकारात्मक परिणाम देखिन थालेको छ ।" उहाँले भन्नुभयो ।

मर्जर/प्राप्ति प्रक्रियाको निम्ति आवश्यक पहल गर्नसमेत गभर्नर अधिकारीले बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह गर्नुभयो । त्यसको लागि आवश्यक सहजीकरण गर्न राष्ट्र बैंक तयार रहेको उहाँको धारणा थियो । नेपालको वित्तीय प्रणालीलाई प्रविधिउन्मुख दिशामा केन्द्रित गर्नुपर्ने आवश्यकतामा गभर्नर अधिकारीले जोड दिनुभयो । विद्युतीय भुक्तानी प्रवर्द्धनका लागि प्राविधिक पूर्वाधार तयार गरिएको धारणा उहाँले राख्नुभयो ।

सहुलियतपूर्ण कर्जा, पुनरकर्जा र व्यवसाय निरन्तरता कर्जासम्बन्धी कार्यक्रमलाई प्राथमिकतामा राख्नसमेत उहाँले बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "यी कार्यक्रमहरू राज्यको उच्च प्राथमिकतामा परेका कार्यक्रम हुन् । यसको प्रभावकारी कार्यान्वयनलाई तपाईंहरूले प्राथमिकतामा राख्नैपर्छ । आउँदो वैशाखमा राष्ट्र बैंकले यसको समीक्षा गर्नेछ ।"

कार्यक्रममा गभर्नर अधिकारीले नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर सत्येन्द्रप्यारा श्रेष्ठलाई बैंकर्स संघको तर्फबाट कदरपत्र प्रदान गरेर सम्मान गर्नुभयो । सो अवसरमा पूर्वगभर्नर श्रेष्ठले अर्थतन्त्र चुनौतीपूर्ण अवस्थामा रहेको उल्लेख गर्दै बचत र लगानी वृद्धि गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा नेपाल बैंक तथा वित्तीय संस्था परिसंघका अध्यक्ष पवनकुमार गोल्यानले शुभकामना मन्तव्य राख्नुभयो भने नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष ज्ञानेन्द्र ढुङ्गानाले स्वागत मन्तव्य राख्नुभएको थियो ।

# क्यूआर कोड भुक्तानीलाई देशव्यापी अभियानको रूपमा विस्तार गरिनेछः गभर्नर अधिकारी



गभर्नर महाप्रसाद अधिकारीले क्विक रिस्पोन्स (क्यूआर) कोडमार्फत हुने भुक्तानीलाई देशव्यापी अभियानको रूपमा विस्तार गरिने धारणा व्यक्त गर्नुभएको छ ।

२०७७ पुस १० गते नक्साल तरकारी तथा फलफूल बजारमा क्यूआर कोडबाट हुने भुक्तानी कारोबारको एक कार्यक्रमका बीच शुभारम्भ गर्दै गभर्नर अधिकारीले यस्तो धारणा राख्नुभएको हो । नक्साल तरकारी तथा फलफूलबजारस्थित पसलमा क्यूआर कोड भुक्तानीमार्फत तरकारी खरिद गरी उहाँले यसको शुभारम्भ गर्नुभयो ।

सो अवसरमा गभर्नर अधिकारीले नगदरहित कारोबारलाई प्रवर्द्धन गर्ने नेपाल राष्ट्र बैंकको नीतिअनुरूप क्यूआर कोडबाट हुने भुक्तानीलाई देशव्यापी अभियानको रूपमा अगाडि बढाइने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नक्साल तरकारी बजारमा थालिएको क्यूआर कोडको अभ्यास प्रविधिमैत्री कारोबारमा एउटा उत्साहजनक सुरुआत हो । अब यसलाई देशभर अभियानको रूपमा विस्तार गर्ने योजना राष्ट्र बैंकले बनाएको छ ।"

समग्र अर्थतन्त्रलाई प्रविधिमैत्री तुल्याउने सन्दर्भमा क्यूआर कोडको प्रवर्द्धनले ठूलो योगदान पुऱ्याउने विश्वास गभर्नर अधिकारीले व्यक्त गर्नुभयो । "यो प्रविधिको प्रयोगले नगदरहित कारोबारलाई प्रोत्साहन त गर्छ नै, मुलुकको आर्थिक र सामाजिक रूपान्तरणमा समेत ठूलो योगदान पुऱ्याउनेछ" उहाँले भन्नुभयो ।

गभर्नर अधिकारीले क्यूआर कोडमार्फत हुने भुक्तानी कारोबार उत्साहजनक रूपमा विस्तार भइरहेको जानकारीसमेत दिनुभयो । पछिल्लो समय हरेक महिना तीस प्रतिशतले यस्तो कारोबार वृद्धि भइरहेको उहाँले जानकारी गराउनु भयो । क्यूआर कोड कारोबारको प्रवर्द्धन र विस्तारको निम्ति सहजीकरण गर्न राष्ट्र बैंक तयार रहेको उल्लेख गर्दै उहाँले त्यसको निम्ति अग्रसर रहन बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक, व्यवसायीलगायतका सरोकारवालाई आग्रहसमेत गर्नुभयो ।

कार्यक्रममा सानिमा बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत एवम् नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष भुवनकुमार दाहालले नक्साल तरकारी बजारमा क्यूआर कोड कारोबारको सुरुआतले थप हौसला मिलेको उल्लेख गर्दै देशभर 'डिजिटल नेपाल'को प्रवर्द्धनमा राष्ट्र बैंकसँग सहकार्य गरेर अगाडि बढ्न वित्तीय क्षेत्र तयार रहेको जानकारी दिनुभयो ।

नक्साल तरकारी तथा फलफूल व्यवस्थापन समिति र सानिमा बैंक लिमिटेडको संयुक्त प्रयासमा नक्सालमा क्यूआर कोडको सुरुआत भएको हो । कार्यक्रममा नेपाल

*बाँकी अन्तिम पृष्ठमा .......*



# एकीकृत निर्देशन, २०७७ मा संशोधन/परिमार्जन

नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाको निम्ति जारी गरिएको 'एकीकृत निर्देशन, २०७७' मा संशोधन र परिमार्जन गरेको छ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७७ पुस १ गते एकीकृत निर्देशनको संशोधित र परिमार्जित व्यवस्थाबारे एक परिपत्र जारी गर्दै सोको कार्यान्वयन गर्न बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ। संशोधित व्यवस्था अनुसार पछिल्लो तीन वर्ष लगातार नोक्सानीमा रहेका, व्यावसायिक रूपमा सञ्चालनमा आएर एक वर्ष व्यतित नभएका, विगत तीन वर्षदेखि साधारणसभा नगरेका र कम्तीमा २५० दिनको कारोबार मूल्य भएका संस्थाहरूको सेयरको धितोमा कर्जा प्रदान गर्न पाइने छैन।

विभिन्न बैंक तथा वित्तीय संस्थाबाट प्रयोजन नखुलेका कुल व्यक्तिगत अधिविकर्ष कर्जा अधिकतम प्रति व्यक्ति रु.५० लाखसम्म मात्र प्रवाह गर्न सकिनेछ। कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्दाका बखत उक्त सीमा ननाघेको यकिन गरेर मात्र कर्जा प्रवाह गर्नुपर्ने जनाइएको छ। यसअघि बहुबैंकिङ कारोबार गरी उक्त सीमाभन्दा बढी कर्जा लिएका ऋणीहरूले २०७८ असार मसान्तसम्म कुल व्यक्तिगत अधिविकर्ष कर्जा रु.५० लाखसम्म कायम गर्नुपर्ने व्यवस्था मिलाइएको छ। तोकिएको सीमा नाघी कर्जा प्रवाह गरेमा बैंक तथा वित्तीय संस्थाले उक्त कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ। बैंक तथा वित्तीय संस्थाले चालु पुँजी प्रकृतिका कर्जा प्रवाह गरेपश्चात् सो कर्जा सम्बन्धित प्रयोजनमा उपयोग भए नभएको यकिन गर्नुपर्ने व्यवस्था थप गरिएको छ।

इजाजतपत्रप्राप्त संस्थाले दश लाख रूपैयाँ वा सोभन्दा बढीको कर्जा रकम कालोसूचीसम्बन्धी व्यवस्था अन्तर्गत कालोसूचीमा राख्न सिफारिस गर्नुपर्ने र कोभिड-१९ बाट प्रभावित ऋणीको हकमा इ.प्रा.निर्देशन नं.२१ को बुँदा ४७ अनुसार छ महिना वा सोभन्दा कम अवधिको ब्याज बक्यौता रहेको अवस्थामा कालोसूचीमा समावेश गर्ने प्रक्रिया २०७८ असार मसान्तसम्मका लागि स्थगन गर्नुपर्ने व्यवस्था मिलाउन बैंक तथा वित्तीय संस्थालाई राष्ट्र बैंकले निर्देशन दिएको छ।

पछिल्लो संशोधनमा कल निक्षेपबाहेकका ब्याज प्रदान गरिने निक्षेप खातामा दिइने अधिकतम र न्यूनतम ब्याजदरबीचको अन्तर पाँच प्रतिशत बिन्दुभन्दा बढीले अन्तर राख्न नपाइने व्यवस्था थप गरिएको छ। तर, सामाजिक सुरक्षा भत्तावापतको रकम मात्र जम्मा हुने व्यक्तिगत निक्षेप खाता तथा अक्षय कोषवापतको रकम मुद्दती निक्षेपको रूपमा स्वीकार गर्दा बैंक तथा वित्तीय संस्था र ग्राहकबीचको आपसी सहमतिमा उल्लेखित ब्याजदरभन्दा बढी हुने गरी ब्याजदर कायम गर्न भने बाधा पर्ने छैन।


नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdept@nrb.org.np
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/६/०७७/७८

मिति: २०७७/०९/०१

इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ मा यसैसाथ संलग्न तालिका बमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

(किरण पण्डित)
का.मु. कार्यकारी निर्देशक

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
(१०) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेस पार्क, थापाथली।
(११) श्री डेभलपमेन्ट बैंकर्स एसोसिएसन, अनामनगर।
(१२) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।

कोभिड-१९ बाट प्रभावित ऋणीको हकमा छ महिनाभन्दा बढीको ब्याज बक्यौता नरहेको अवस्थामा धितो लिलामी प्रक्रिया २०७८ असार मसान्तसम्मका लागि स्थगन गर्नुपर्नेछ। यस प्रयोजनका लागि कोभिड-१९ बाट प्रभावित ऋणीले आफ्नो उद्योग व्यवसाय तथा आयस्रोतबाट सम्पूर्ण किस्ता भुक्तान गर्न नसकी ब्याज बक्यौता मात्र चुक्ता गर्न चाहेमा सोको विवरण तथा विस्तृत जानकारी लिखित रूपमा माग गरी बैंक तथा वित्तीय संस्थाले किस्ताको ब्याज मात्र असुलउपर गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

# भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशनमा संशोधन

नेपाल राष्ट्र बैंकले भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशनमा-२०७७ मा संशोधन गर्दै एउटा बैंक तथा वित्तीय संस्थाले जारी गरेको एटीएम कार्डलाई स्वदेशकै अर्को बैंक तथा वित्तीय संस्थाको एटीएममा प्रयोग गर्दा मासिक न्यूनतम दुई वटा कारोबारसम्म शुल्क नलाग्ने व्यवस्था गरेको छ।

बैंकको भुक्तानी प्रणाली विभागले २०७७ पुस २३ गते एक परिपत्र जारी गर्दै माघ १ देखि लागू हुनेगरी उक्त व्यवस्था गरेको हो। संशोधित व्यवस्था अनुसार दुई वटाभन्दा बढी कारोबारको हकमा बैंक तथा वित्तीय संस्थाले प्रति कारोबार बढीमा बीस रूपैयाँसम्म शुल्क लिन सक्नेछन्।

यसैगरी, बैंक तथा वित्तीय संस्थाले सम्बन्धित ग्राहकको पूर्व अनुमति लिएर र सेवा शुल्कबारे पूर्व जानकारी गराएर मात्रै इन्टरनेट बैंकिङ, मोबाइल बैंकिङ, एसएमएस बैंकिङ जस्ता विद्युतीय बैंकिङ सेवावापतको शुल्क लिन सक्ने व्यवस्था मिलाइएको छ। विद्युतीय कारोबारको सुरक्षाको पर्याप्त प्रबन्ध मिलाई ग्राहकलाई इन्टरनेट बैंकिङ, मोबाइल बैंकिङ, एसएमएस बैंकिङको यूजर नेम र पासवर्ड हराएमा वा बिर्सिएमा आफैं प्राप्त गरी सेवा पुनः सुचारु गर्न सक्ने व्यवस्था मिलाउनसमेत राष्ट्र बैंकले निर्देशन दिएको छ।

# अध्यक्ष शर्माद्वारा गभर्नर अधिकारीसमक्ष शपथ ग्रहण



राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका नवनिर्वाचित अध्यक्ष धनीराम शर्माले गभर्नर महाप्रसाद अधिकारीसमक्ष २०७७ पुस २३ गते पद तथा गोपनीयताको शपथ लिनुभएको छ । शपथ ग्रहणपछि गभर्नर अधिकारीले अध्यक्ष शर्मालाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो ।

राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समितिको पुस २३ गते बसेको २४३४ औं बैठकले शर्मालाई अध्यक्ष चयन गरेको थियो । अर्थ मन्त्रालयका सहसचिवसमेत रहनुभएका शर्मा यसअघि सञ्चालक समितिको सदस्य हुनुहुन्थ्यो । उहाँको कार्यकाल चार वर्षको हुनेछ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ (५) मा सञ्चालकले आफूमध्ये बहुमतबाट छानेको व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुने व्यवस्था छ ।

शपथ ग्रहण कार्यक्रममा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठ, बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक किरणराज पण्डित, गभर्नरको कार्यालयका निर्देशक रोशनकुमार सिग्देललगायतको उपस्थिति थियो ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ मा बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षले राष्ट्र बैंक समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ ।

# आरटीजीएस सम्बन्धी अभिमुखीकरण र अन्तरक्रिया सम्पन्न

नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागले २०७७ पुस २० गते रियल टाइम ग्रस सेटलमेन्ट (आरटीजीएस) मार्फत हुने भुक्तानी कारोबारको सम्बन्धमा एक दिने अभिमुखीकरण र अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

आरटीजीएसमार्फत हुने भुक्तानी कारोबारमा थप संस्थालाई आबद्ध गराउने र आबद्ध भएका संस्थालाई उक्त प्रणालीमा थप क्रियाशील बनाउने उद्देश्यले वेबिनारमार्फत उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रमको पहिलो सत्रमा नेपाल क्लियरिङ हाउस लिमिटेड र आरटीजीएस प्रणालीमा आबद्ध भएका १२ विकास बैंक र १४ वित्त कम्पनीका ५२ जना कर्मचारीको सहभागिता थियो ।

कार्यक्रमको पहिलो सत्रमा भुक्तानी प्रणाली विभागका निर्देशक निश्चल अधिकारीले स्वागत मन्तव्य राख्दै आफ्नो व्यवसायको आवश्यकता र औचित्यको आधारमा आरटीजीएस प्रणालीमा आबद्ध भएर कारोबार सुरु गर्न थप संस्थालाई आग्रह गर्नुभयो । कार्यक्रममा विभागका सहायक निर्देशक विनोद बजगाईंले आरटीजीएस प्रणालीको संक्षिप्त परिचय दिँदै यसको नीतिगत व्यवस्था र यसमार्फत हुने कारोबारको प्रक्रियाबारे जानकारी दिनुभयो ।

सो अवसरमा नेपाल क्लियरिङ हाउस लिमिटेडको तर्फबाट विशाल पन्थीले कनेक्ट आरटीजीएस इन्टरफेसको बारेमा प्रस्तुति दिँदै सो कारोबार प्रक्रियाबारे जानकारी दिनुभयो । कार्यक्रममा विभागका उप-निर्देशक सौरभ पोखरेलले 'ख' र 'ग' वर्गका संस्थालाई आरटीजीएस प्रणालीमा आबद्ध हुन आग्रह गर्दै पहिलो सत्र समापन गर्नुभएको थियो ।

दोस्रो सत्रमा २७ वटा वाणिज्य बैंकका ५४ जना कर्मचारीको सहभागिता थियो । उक्त सत्रमा आरटीजीएस प्रणालीमार्फत हुने कारोबारमा आइपरेका समस्या र सुधार गर्नुपर्ने विषयमा छलफल भयो । विभागका कार्यकारी निर्देशक भुवन कडेलले दोस्रो सत्रमा स्वागत मन्तव्य राख्दै सो अवसरमा राष्ट्र बैंकको आरटीजीएस टीम र नेपाल क्लियरिङ हाउसका प्रतिनिधिले सहभागीले राखेका जिज्ञासाको जवाफ दिनुभएको थियो । बैंकिङ विभागका निर्देशक सृजना बास्तोला र सूचना प्रविधि महाशाखाका उप-निर्देशक अजित रेग्मीले कार्यक्रममा मन्तव्य राख्नुभएको थियो ।

# दिपायलमा समसामयिक बैंकिङ तथा आर्थिक गतिविधिसम्बन्धी अन्तरक्रिया

धनगढी कार्यालयले २०७७ पुस १६ गते डोटीको दिपायलमा समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धमा एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक शुभाषचन्द्र घिमिरेको अध्यक्षतामा आयोजित कार्यक्रममा दिपायल, सिलगढी क्षेत्रका बैंक तथा वित्तीय संस्था, डोटी उद्योग वाणिज्य संघ, होटल तथा पर्यटन व्यवसायी संघलगायतका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा उप-निर्देशक सुशिल ज्ञवालीले कोभिड-१९ का कारण अर्थतन्त्रमा परेको प्रभावलाई न्यूनीकरण गर्दै आर्थिक पुनरुत्थानका लागि नेपाल राष्ट्र बैंकले लिएको नीति तथा कार्यक्रम एवम् सोको कार्यान्वयन पक्षबारे वार्ता प्रस्तुत गर्नुभयो । उहाँले सुदूरपश्चिम प्रदेशको वित्तीय स्थितिको बारेमा समेत जानकारी दिनुभयो । सो अवसरमा उप-निर्देशक ज्ञवालीले राष्ट्र बैंकले तयार गरेको कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी सर्वेक्षण प्रतिवेदनको निष्कर्ष समेत प्रस्तुत गर्नुभएको थियो ।




कार्यक्रममा डोटी उद्योग वाणिज्य संघका महासचिव दीपकबहादुर खड्का, राष्ट्रिय वाणिज्य बैंक, दिपायल शाखाका प्रबन्धक गणेशबहादुर बिष्टलगायतले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो । सो अवसरमा धनगढी कार्यालयका निर्देशक शुभाषचन्द्र घिमिरेले राष्ट्र बैंकले अघि सारेका सहुलियतपूर्ण कर्जा, पुनरकर्जा, व्यवसाय निरन्तरता कर्जा जस्ता नीतिगत व्यवस्थाको कार्यान्वयन गर्न बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिँदै वित्तीय ग्राहक संरक्षण र वित्तीय साक्षरतामा ध्यान पुऱ्याउन आग्रह गर्नुभयो ।

कार्यक्रममा का.मु.उप-निर्देशक झकेन्द्रबहादुर शाहीले स्वागत मन्तव्य र प्रधान सहायक डम्बरदत्त भट्टले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# वित्तीय जानकारी इकाईको अन्तरक्रिया सम्पन्न

वित्तीय जानकारी इकाईले २०७७ पुस २७ गते सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

वित्तीय जानकारी इकाईका कर्मचारी र गैरवित्तीय पेशाकर्मी तथा व्यवसायीबीच भर्चुअल माध्यमबाट उक्त अन्तरक्रिया आयोजना गरिएको हो । कार्यक्रममा इकाईका कर्मचारीहरूसँगै नेपाल क्यासिनो एसोसिएसन, नेपाल बार एसोसिएसन, नेपाल अडिटर्स एशोसिएसन, नोटरी पब्लिक एसोसिएसन, नेपाल जग्गा तथा आवास विकास संघका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा इकाईका उप-निर्देशक प्रियङ्का बस्न्यातले 'सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणमा गैरवित्तीय पेशाकर्मी तथा व्यावसायीको भूमिका' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक रुपनारायण भट्टराई, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सहसचिव शंकर नेपाल, नेपाल राष्ट्र बैंकका उप-निर्देशक हरिकुमार नेपाल तथा गैरवित्तीय क्षेत्रका प्रतिनिधिले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा वित्तीय जानकारी इकाईका निर्देशक दीर्घबहादुर रावलले कार्यक्रमको महत्वबारे प्रकाश पार्दै गैर वित्तीय क्षेत्रलाई रिपोर्टिङको दायरामा ल्याउनका निम्ति सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका प्रावधानलाई थप प्रभावकारी बनाउन सकिने विश्वास व्यक्त व्यक्त गर्नुभयो ।

इकाईका उप-निर्देशक मेदनीप्रसाद पोखेलले स्वागत मन्तव्य राख्नुभयो भने प्रधान सहायक ओमनाथ दाहालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# धनगढी कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम



धनगढी कार्यालयमा २०७७ पुस १० गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा कार्यालयका निर्देशक शुभाषचन्द्र घिमिरेले 'नेपालको भुक्तानी प्रणाली' विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

सो अवसरमा निर्देशक घिमिरेले नेपालमा चलनचल्तीमा रहेका भुक्तानीका प्रकार, नगदरहित कारोबारलाई प्रोत्साहन गर्न राष्ट्र बैंकले अवलम्बन गरेको नीतिगत व्यवस्था र विद्युतीय भुक्तानीका विद्यमान पूर्वाधारबारे प्रकाश पार्नुभयो । विद्युतीय भुक्तानीका लागि आपूर्ति पक्षबाट पूर्वाधार तयार भए तापनि यसको माग पक्ष अझै कमजोर रहेकाले सो सम्बन्धमा थप काम गर्न आवश्यक रहेको धारणा उहाँले राख्नुभयो ।

विद्युतीय भुक्तानीका पूर्वाधारअर्न्तगत ठूलो मूल्य भुक्तानीका लागि रियल टाइम ग्रस सेटलमेन्ट (आरटीजीएस) प्रणाली सञ्चालनमा आइसकेको र राष्ट्रिय भुक्तानी स्विचको स्थापनापछि साना मूल्यको भुक्तानी थप सुलभ र सहज हुने जानकारी निर्देशक घिमिरेले दिनुभयो । नेपालको लागि क्यूआर कोडमा आधारित भुक्तानी प्रणाली उपयुक्त रहेको उहाँको धारणा थियो ।

कार्यक्रममा धनगढी कार्यालयका कर्मचारीहरूको सहभागिता थियो । प्रधान सहायक निरज पाण्डेयले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# धनगढीमा अनुशिक्षण कार्यक्रम सम्पन्न

धनगढी कार्यालयले २०७७ पुस २७ गते सहुलियतपूर्ण कर्जा, पुनरकर्जा एवम् बैंक तथा बित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा एक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

सो कार्यालयका निर्देशक शुभाषचन्द्र घिमिरेको अध्यक्षता र बैंक तथा बित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा धनगढीस्थित वाणिज्य बैंकका प्रादेशिक कार्यालयका प्रमुख, बैंक तथा वित्तीय संस्था, कैलाली उद्योग वाणिज्य संघ, होटल तथा पर्यटन व्यवसायी संघका प्रतिनिधिलगायतको सहभागिता थियो ।

सो अवसरमा कार्यकारी निर्देशक ढकालले 'सहुलियतपूर्ण कर्जा, पुनरकर्जा एवम् बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व' बिषयमा वार्ता प्रस्तुत गर्नुभयो ।




यस क्रममा उहाँले सहुलियतपूर्ण कर्जा र पुनरकर्जा सम्बन्धी नीतिगत व्यवस्था, यसको कार्यान्वयनको अवस्था र चुनौतीबारे धारणा राख्नुभयो । साथै, उहाँले नेपालको वित्तीय प्रणालीमा कोभिड-१९ को प्रभाव न्यूनीकरणका निम्ति राष्ट्र बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्थाको बारेमा समेत प्रकाश पार्नुभयो ।

कार्यक्रममा वाणिज्य बैंकका प्रादेशिक कार्यालयका प्रमुख, कैलाली उद्योग वाणिज्य संघ, होटल तथा पर्यटन व्यवसायी संघ, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिले आ-आफ्नो धारणा र जिज्ञासा राख्नुभएको थियो । सो अवसरमा धनगढी कार्यालयका निर्देशक घिमिरेले समापन मन्तव्य राख्दै कार्यक्रममा सहभागिताको निम्ति सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यालयका उप-निर्देशक सुशिल ज्ञवालीले स्वागत मन्तव्य राख्नुभयो भने का.मु.उप-निर्देशक झकेन्द्रबहादुर शाहीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# वीरगञ्जमा बैंकिङ तथा आर्थिक गतिविधिबारे अन्तरक्रिया




वीरगञ्ज कार्यालयले २०७७ पुस २४ गते समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि विषयमा केन्द्रित रहेर एक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो। भर्चुअल माध्यमबाट आयोजित उक्त कार्यक्रममा नेपाल उद्योग परिसंघ, वीरगञ्ज उद्योग वाणिज्य संघ, घरेलु तथा साना उद्योग संघ, पर्साका प्रतिनिधिसँगै वाणिज्य बैंकका प्रादेशिक तथा शाखा प्रबन्धकलगायतको सहभागिता थियो ।

कार्यक्रममा कार्यालयका निर्देशक डा.राजनकृष्ण पन्तले कार्यालयको कार्यक्षेत्र अन्तर्गतको आर्थिक तथा बैंकिङ स्थिति, सहुलियतपूर्ण कर्जा तथा पुनरकर्जासम्बन्धी व्यवस्थाका साथै विद्युतीय भुक्तानीको स्थितिका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले पुनरकर्जा, सहुलियतपूर्ण कर्जाको प्रभावकारी कार्यान्वयनसँगै विद्युतीय भुक्तानी प्रवर्द्धनमा जोड दिइनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा मेगा बैंक नेपाल लिमिटेडका प्रादेशिक प्रबन्धक यशपाल तेक्रिवालले क्युआर कोड भुक्तानी प्रणालीबारे विस्तृत जानकारी प्रस्तुत गर्नुभयो भने वीरगञ्ज कार्यालयका सहायक निर्देशक अमिष शर्माले बारा जिल्लास्थित सुक्ष्म, साना तथा मझौला व्यवसायमा वित्तीय पहुँच विषयमा हुन गइरहेको विशेष अध्ययनबारे जानकारी दिनुभएको थियो ।

सो अवसरमा नेपाल उद्योग परिसंघ, बैंकिङ समितिका प्रतिनिधि अनलराज भट्टराईले नेपाल राष्ट्र बैंकले हाल निर्वाह गरिरहेको अभिभावकीय भूमिकाबाट उद्योगी व्यवसायीहरू उत्साहित रहेको उल्लेख गर्दै प्रविधिउन्मुख वित्तीय प्रणालीलाई प्रवर्द्धन गर्नुपर्ने सुझाव दिनुभयो। कार्यक्रममा वीरगञ्ज उद्योग वाणिज्य संघका महासचिव माधवराज पाल, घरेलु तथा साना उद्योग संघ, पर्साका सचिव मोतीलाल साह कानु, नेपाल बैंक लिमिटेड, सिटी अफिस, वीरगञ्जका प्रबन्धक निर्मलकुमार सुवेदी, एनएमबि बैंक लिमिटेड, वीरगञ्जका प्रबन्धक दीपेन्द्र मिश्रलगायतले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो वीरगञ्जका निर्देशक डा. राजनकृष्ण पन्त र उप-निर्देशक केशवप्रसाद रिमालले सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

वीरगञ्ज कार्यालयका उप-निर्देशक राजनप्रसाद अधिकारीले कार्यक्रमको औचित्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक राजेश झाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## सरुवा

जनशक्ति व्यवस्थापन विभागले २०७७ पुस महिनामा अधिकृत प्रथम र द्वितीय श्रेणीका १७ जना अधिकृतहरूको सरुवा गरेको छ ।

जस अनुसार निर्देशकहरू वित्त कम्पनी सुपरिवेक्षण विभागका विनोदराज आचार्य मुद्रा व्यवस्थापन विभाग (टक्सार महाशाखा), नेपालगञ्ज कार्यालय (कामकाज: आर्थिक अनुसन्धान विभाग) का दीपकराज लामिछाने वित्त कम्पनी सुपरिवेक्षण विभाग, मुद्रा व्यवस्थापन विभाग (टक्सार महाशाखा) का गोविन्दप्रसाद नागिला नेपालगञ्ज कार्यालय, वित्त व्यवस्थापन विभागका राजनदेव भट्टराई लघुवित्त संस्था सुपरिवेक्षण विभाग र जनशक्ति व्यवस्थापन विभाग (अतिरिक्त दरबन्दी) का रञ्जना पण्डित पौडेल वित्त व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

उपनिर्देशकहरू विराटनगर कार्यालयका ईश्वरकुमार कटुवाल संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, पोखरा कार्यालयका आशबहादुर थापा बैंक तथा वित्तीय संस्था नियमन विभाग, वीरगञ्ज कार्यालयका केशवप्रसाद रिमाल वित्त व्यवस्थापन विभाग (कामकाज: बैंक सुपरिवेक्षण विभाग), नेपालगञ्ज कार्यालयका माधवप्रसाद पोखेल बैंकिङ विभाग, धनगढी कार्यालयका डिल्लीराम पोखेल वित्त व्यवस्थापन विभाग (कामकाज: बैंक सुपरिवेक्षण विभाग) र जनकपुर कार्यालयका डा.सञ्जयप्रसाद मिश्र बैंकिङ विभागमा सरुवा हुनुभएको छ ।

यसैगरी, बैंकिङ विभागका श्यामप्रसाद ढकाल नेपालगञ्ज कार्यालय, बैंक तथा वित्तीय संस्था नियमन विभागका डण्डप्रसाद खरेल वीरगञ्ज कार्यालय, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका मनोज गुरुङ विराटनगर कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभागका ढुण्डीराज मिश्र पोखरा कार्यालय तथा लघुवित्त संस्था सुपरिवेक्षण विभागका विष्णुप्रसाद गुरागाईं र मधुसुदन दवाडी क्रमश: जनकपुर र धनगढी कार्यालयमा सरुवा हुनुभएको छ ।

# प्रभावकारी सिक्का व्यवस्थापन: केही सुझावहरू



सुदीप फुयाल
निर्देशक, नेपाल राष्ट्र बैंक

नेपाल राष्ट्र बैंकबाट चलन चल्तीको लागि निष्कासन गरिएका रु.१।- र रु.२।- दरको सिक्काहरूको मौज्दात घट्दै गएको, नेपालमा सिक्काहरूको प्रयोग दैनिक कारोबारको लागि भन्दा पनि सामाजिक कार्यमा वढी हुने गरेको, सर्वसाधारणमा सिक्कालाई जतन गर्ने बानी नबसेको, सिक्का सटही गर्ने पद्धति एकतर्फी (बिक्री) मात्र भएको तथा एकपटक प्रयोग भइसकेपश्चात् सिक्कालाई चलन चल्तीको प्रणालीमा पुन: फर्काउन नसकिएको लगायतका समस्याले भविष्यमा यसबाट उत्पन्न हुन सक्ने बैंकको प्रतिष्ठामा आउन सक्ने जोखिमलाई बढ्न नदिई सिक्का व्यवस्थापनसम्बन्धी कार्यलाई समयमै व्यवस्थित गर्न सिक्कासँग सम्बन्धित नीतिगत व्यवस्था, सिक्का व्यवस्थापनमा हाल भोग्नुपरेका व्यावहारिक समस्या र सुधारको निम्ति केही सुझावहरू तयार गरिएको छ।

**(क) सिक्कासम्बन्धी नीतिगत व्यवस्था:**

१. नेपाल राष्ट्र बैंक ऐन २०५८, को दफा ५२ मा लेखिएका छ, 'बैंकलाई नेपाल भित्र बैंक नोट तथा सिक्का निष्कासन गर्ने एकाधिकार हुनेछ। यस्तो नोट तथा सिक्का नेपालमा कानुनी ग्राह्य हुनेछ।'
   - दफा ५३: 'बैंकद्वारा कानूनी ग्राह्य बनाई निष्काशन गरिएका बैंक नोट तथा सिक्का नेपालभित्र सबै किसिमको सार्वजनिक तथा व्यक्तिगत ऋण चुक्ता गर्न त्यस्तो नोट वा सिक्कामा अङ्कित रकमसम्मको निमित्त सर्वस्वीकार्य हुनेछ।'
   - दफा ५६: 'बैंकले कुनै शुल्क वा दस्तुर नलिई नेपालभित्र कानुनी ग्राह्य हुने बैंक नोट वा सिक्कालाई समान मूल्यको एकै वा विभिन्न दरको बैंक नोट वा सिक्कासँग सटही गरी दिनेछ।'

२. सफा नोट नीति, २०७३ (संशोधन २०७७) मा चलन चल्तीमा रहेका नोटहरूको सम्बन्धमा विभिन्न व्यवस्थाहरू तोकिएको भए तापनि चलनचल्तीमा रहेका सिक्काको प्रयोग सम्बन्धमा कुनै नीतिगत व्यवस्थाहरू समावेश नभएको।

**(ख) वर्तमान अवस्था र समस्याहरू:**

१. **सिक्काको अनिवार्य मौज्दात मापदण्ड नभएको:**
   यस कार्यालयमा रहेका रु.१।- र रु.२।- दरका सिक्काको टकमरी मिति २०६६ उल्लेख भएकोले बैंकभित्र सोपश्चात् सिक्काको टकमरी भएको देखिँदैन । बैंकभित्र सामान्यतया नोटहरूको सम्बन्धमा दुई वर्ष छ महिनालाई पुग्ने मौज्दात राखिने गरिएको भए तापनि सिक्काको माग, आपूर्ति र भण्डारणका सम्बन्धमा कति मौज्दात रहन आवश्यक पर्दछ भन्ने मापदण्ड नभएका कारण अन्योल छ। उदाहरणको लागि सिद्धार्थनगर कार्यालयमा २०७७ पुस १२ गते रु.१।- दरको ३,८३,४०० थान र रु.२।- दरको ५,४८,६०० थान सिक्काको मौज्दात छ । दैनिक बिक्री भइरहेको औसत सिक्काको हिसाब गर्दा उक्त मौज्दातले आगामी केही महिनालाई मात्र पुग्ने देखिएको छ।

२. **लागत मूल्य अधिक रहेको:**
   रु.१।- दरको सिक्काको अङ्कित मूल्य (Face value) भन्दा लागत मूल्य (Cost value) अधिक रहेकोले उक्त दरको सिक्का टकमरीमा बैंकलाई नोक्सानी रहेको देखिन्छ । जस्तै: रु.१।- दरको सिक्को लागत मूल्य रु.१.८१ र रु.२।- दरको सिक्काको लागत मूल्य रु.१.३४ छ । यस्तो अवस्थामा सिक्काको प्रयोगलाई मितव्ययी र व्यवस्थित बनाउन र दुरुपयोगलाई नियन्त्रण गर्न अति नै आवश्यक देखिन्छ।

३. **नीतिगत व्यवस्थाको अभाव रहेको:**
   यस बैंकबाट बजारमा चलनचल्तीको लागि सिक्काहरू बिक्री मात्र हुने तर खरिद गर्ने अभ्यास/प्रचलनमा रहेको देखिँदैन । चलनचल्तीमा रहने साना दरका सिक्कालाई सदैव गतिशील बनाउन खरिद/बिक्री/सटही र यसको प्रयोग विधिका सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्थाको अभाव रहेको छ।

४. **संस्थागत तथा ठूला खदिकर्ताले सक्रिय भूमिका निर्वाह नगरेको:**
   सिक्काको मुख्य खरिदकर्ता भाटभटेनी सुपरमार्केटले मात्रै यस कार्यालयबाट मासिक झण्डै दुई लाखभन्दा बढीको सिक्का खरिद गर्ने गरेको छ । तर उक्त कम्पनीले ग्राहकहरूसँग सिक्का खरिद गर्ने सम्वन्धमा संस्थागतस्तरमा योजना बनाएको देखिँदैन। यसको साथै, तुलादान वा अन्य धार्मिक प्रयोजनको लागि एकै व्यक्तिबाट एकैपटकमा रु.२०,०००।- (तौल ७० देखि ८० केजी) भन्दा बढीको सिक्का खरिद हुँदै आएको छ। तर यस्ता सिक्काहरू फर्केर आउने गरेको देखिँदैन । सिक्का बिक्री गर्दा संस्थागत र व्यक्तिगत खरिदकर्तालाई दिनुपर्ने अधिकतम सीमा कति हो ? भन्ने सम्बन्धमा नीतिगत व्यवस्थाको अभाव रहेको देखिन्छ । साथै, ठूलो मात्रामा सिक्का खरिद गर्ने व्यक्ति तथा संस्थाको रेर्कडसमेत राख्ने गरिएको छैन।

५. **निष्क्रिय सिक्काको परिमाण अधिक रहेको:**
   साना दरका सिक्काहरू प्राय: सबै सर्वसाधारणको घरघरमा, कार्यालयभित्र कर्मचारीका टेबलमा, बालबालिकाको खुत्रुकेमा यत्रतत्र निष्क्रिय अवस्थामा रहेको पाइन्छ । मठ मन्दिरहरू, धार्मिकस्थल, दानपेटिकामा ठूलो परिमाणमा सिक्का रहेको पाइन्छ ।

यस्ता सिक्काहरूलाई सक्रिय प्रणालीमा ल्याउन उत्प्रेरित गर्ने मौद्रिक/गैरमौद्रिक उपायहरू अवलम्बन हुन सकेको छैन ।

६. **स्वदेशमा सिक्का टकमरी गर्ने कम्पनीको अभावः**

बैंकभित्रको टक्सार महाशाखाबाट पछिल्लो समयमा साना दरका सिक्काहरू टकमरी गर्ने कार्य हुन नसकेकोले अन्यत्र मुलुकमा रहेका मिन्ट कम्पनीहरूबाट टकमरी गर्दा धेरै समय र लागत पर्ने गरेको छ । सिक्काको वजन धेरै हुने भएका कारण यसको ओसारपसार र भण्डारण गर्ने कार्यमा कठिनाइ रहने गरेको छ ।

७. **सिक्का खरिद गर्दा सिष्टममा इन्ट्री गर्न कठिनाइ रहेकोः**

यस बैंकमा कार्यान्वयनमा रहेको Olympic Banking System/GL मा सिक्का बिक्रीको इन्ट्री गर्न मिल्ने तर खरिदको इन्ट्री गर्ने व्यवस्था नभएकोले सर्वसाधारणबाट खरिद गरिएको सिक्कालाई एकमुष्ट खुद्रा मानी खुद्राअन्तर्गत लेखाङ्कन गर्नुपर्ने अवस्था छ । यस कार्यालयको खुद्रा मौज्दात रु.१।- अन्तर्गत रु.५०,०००।- सम्म लेखाङ्कन भएको देखिएको ।

८. **जनगुनासोः**

आफूसँग सिक्काको मौज्दात पहिलेदेखि नै अधिक रहेको कारण देखाई यस क्षेत्रमा रहेका स्थानीय पसले/बिक्रेताले सर्वसाधारणबाट सिक्का स्वीकार नगरेको भन्ने गुनासो आउने गरेको छ । यसका साथै, बैंकभित्रका विभाग तथा प्रदेशस्थित कार्यालयहरू र नोटकोषहरूले समेत सर्वसाधारणबाट सिक्का खरिद/सटही नगरिदिएकोले असहजता भएको भन्ने विषयमा बारम्बार जनगुनासो आउने गरेको छ ।

**(ग) राय/सुझाव**

- विदेशबाट रु.१।- र रु.२।- दरका नयाँ सिक्का टकमरी गरी नेपालसम्म आइपुग्न कम्तीमा पनि एक वर्ष लाग्ने भएकोले बैंकबाट यस सम्बन्धमा यथाशीघ्र निर्णय लिनुपर्ने देखिएको ।
- सिक्काको चलनचल्ती र कारोबारलाई गतिशील बनाउन सिक्का खरिद बिक्री विनियमावली, नीति, कार्यविधि आदि कार्यान्वयनमा ल्याउने ।
- सिक्का खरिद/बिक्री गर्दा केही प्रतिशत कमिसन दिने व्यवस्था भएमा यसले नयाँ सिक्का टकमरी गर्दा लाग्ने लागत र समयलाई बचत गर्न सकिन्छ । साथै, छोटो समयमा नै ठूलो परिमाणमा निस्क्रिय अवस्थमा रहेको सिक्कालाई सङ्कलन गर्न सकिन्छ । जस्तैः ५ देखि १० प्रतिशत कमिसन दिने ।
- सिक्काको खपत धेरै गर्ने ठूला व्यापारिक केन्द्रलाई निश्चित कमिसन दिई सिक्का खरिद गर्न तथा बिक्री गर्न अनुमतिपत्र दिने ।
- सिक्का सङ्कलन र बिक्री गर्ने कार्यलाई सहजीकरण गर्न सबै प्रदेशमा बैंक तथा वित्तीय संस्थालाई कमिसनसहित प्रोत्साहित गर्ने वा निर्देशन जारी गर्ने ।
- मठ मन्दिर र पर्यटकीय स्थलमा थन्किएर रहेको ठूलो परिमाणका सिक्काहरू सङ्कलन गर्न ढुवानी खर्चसहित कमिसन खर्च प्रदान गर्ने ।
- बैंकभित्रका विभाग/कार्यालयमा सिक्काको मौज्दात ज्यादै न्यून तहमा पुगिसकेका कारण काउण्टरहरूबाट हाललाई प्रतिव्यक्ति अधिकतम रु.५००।- वा रु.१,०००।- सम्म मात्र सिक्का बिक्री गर्न सकिने गरी सीमा लगाउने ।
- धार्मिक प्रयोजनका लागि (जस्तै; तुला दान वा अन्य दान वा पूजा) ४० केजी, ५० केजी, ६० केजी र ८० केजी सम्मको तौल भएका सिक्काहरू टक्सार महाशाखाबाट अविलम्ब टकमरी गर्ने र त्यस्ता सिक्काहरूको रेकर्ड राखी पुनः खरिद गर्ने व्यवस्था मिलाउने ।
- व्यापारिक केन्द्रहरूलाई रु.५।- भन्दा मुनिको खुद्रा रकममा हुने कारोबारको लागि प्रविधिमा आधारित स्वचालित प्लाष्टिक कार्डहरू जारी गर्न अनुमति दिने । त्यस्ता प्लाष्टिक कार्डहरूमा जम्मा गर्न सकिने अधिकतम रकमको सीमासमेत तोकिदिने ।
- मठ, मन्दिर, तीर्थस्थल, पर्यटकीय स्थल, मनोरञ्जन पार्कहरूमा सिक्काबाट सञ्चालन हुने तथा सामान बिक्री गर्न सकिने सुविधा भएका अटोमटेड भेन्डिङ मेशिनहरू जडान गर्न निजी क्षेत्र तथा बैंक वित्तीय संस्थाहरूलाई प्रोत्साहन गर्ने ।
- ग्रामीण क्षेत्रमा रहेका सहकारी संस्था र विभिन्न महिला समूहमा अहिले पनि खुत्रुके बचत कार्यक्रमहरू लोकप्रिय भइरहेको परिप्रेक्ष्यमा त्यस्ता संस्था र क्षेत्र विशेषलाई लक्षित गरेर सिक्का सङ्कलन गर्ने/गराउने ।
- विद्यालयमा अध्ययन गर्ने बालबालिकाबाट वर्षको एक पटक आ-आफ्नो घरमा रहेको खुत्रुके सिक्कालाई विद्यालयमार्फत सङ्कलन गर्न प्रोत्साहन गर्ने ।
- नेपाल राष्ट्र बैंकमा कार्यान्वयनमा रहेको Olympic Banking System मा सिक्काको खरिद एवम् बिक्री दुवै कारोबारको इन्ट्री गर्न मिल्नेगरी System upgrade गर्नुपर्ने ।
- सिक्का नष्ट गर्ने कार्यलाई निरुत्साहन गर्ने तथा कानुनी रूपमा दण्डनीय बनाउने । नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५२ र ५३ अनुसार बैंकबाट निष्कासित सिक्का सर्वस्वीकार्य भएकोले सिक्कालाई चलतचल्तीमा लिन इन्कार गर्ने व्यक्ति, पसल, डिपार्टमेण्टल स्टोरलगायतलाई कानुनी कारवाही गर्न आवश्यक व्यवस्था मिलाउने ।
- सिक्का संरक्षणको लागि प्रचारप्रसार, जनचेतना र प्रवर्द्धन गर्ने ।
- सिक्काको माग र व्यावहारिक प्रयोगका सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने ।
- यस बैंकबाट निष्कासन भएका रु.५।- र रु.१०।- दरको सिक्काहरूप्रति सर्वसाधारणले अभिरुचि नदेखाएकाले आगामी दिनमा उक्त सिक्काहरू टकमरी नगर्ने ।

# संस्थागत सुशासनमा सञ्चालक समितिको भूमिका : सन्दर्भ लघुवित्त वित्तीय संस्था

वशिष्ठ अधिकारी
उप-निर्देशक, नेपाल राष्ट्र बैंक



कुनै पनि संस्था सञ्चालनका लागि गरिने विविध निर्णयहरूको अन्तिम जिम्मेवारी लिने पक्ष भनेको नै संस्थाको सञ्चालक समिति हो । संस्थाका शेयरधनीले आफ्नो लगानीको उचित उपयोगका लागि प्रतिनिधिको रूपमा एक निश्चित अवधिका लागि सञ्चालकहरूलाई चुनेर सञ्चालक समितिमा पठाएको हुन्छ। सो अवधिमा शेयरधनीहरूको अपेक्षाका साथै, संस्थाका उच्च व्यवस्थापन, कर्मचारी, नियमक निकाय, सरकार, आपूर्तिकर्ता, ग्राहक एवम् अन्य सरोकारवालाको समेत अपेक्षा पूरा गर्नुपर्ने दायित्व सञ्चालक समितिमा रहेको हुन्छ । सञ्चालक समितिले संस्थाको दैनिक व्यावसायिक कार्य सञ्चालनका लागि आवश्यक नीति एवं प्रक्रियाहरूको व्यवस्था गर्नुका साथै, सो नीति तथा प्रक्रियाको कार्यान्वयनका लागि संस्थाको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्ने जिम्मेवारीसमेत सञ्चालक समितिमा रहेको हुन्छ। संस्थाको सञ्चालक समितिभन्दा माथिल्लो निकाय साधारणसभा मात्र भएकोले संस्थामा सञ्चालक समितिको भूमिका धेरै नै महत्वपूर्ण रहेको हुन्छ।

संस्थाले लिएको लक्ष्य हासिल गर्नका लागि संस्थाहरू सुशासित रूपमा सञ्चालन भएको हुनुपर्छ। कुनै पनि संस्था सञ्चालनका लागि आवश्यक प्रणाली र प्रक्रिया तयार गरी संस्था सञ्चालन गर्नु, संस्थामा रहने नियन्त्रणात्मक कार्यमा संलग्न व्यक्ति तथा निकायहरू व्यावसायिक कार्यमा संलग्न नहुनु, संस्थाका सरोकारवालाहरूलाई सन्तुष्ट पार्ने गरी कार्य सम्पादन गराउनु, नियन्त्रण कार्यमा संलग्न पक्षलाई स्वायत्त रूपमा कार्य गर्न दिने, सोबाट संस्था सुधारका लागि प्राप्त सुझावलाई तत्काल कार्यान्वयन गर्ने आदि कार्य गर्नु नै संस्थागत सुशासन हो। संस्थागत सुशासनका सिद्धान्तमा प्रभावकारी संस्थागत सुशासनको संरचना तयार गरी सो अनुसार संस्था सञ्चालनमा रहेको, शेयरधनीहरूको अधिकारको सुनिश्चितता भएको, शेयरधनीमा समान व्यवहार, संस्थाका सम्बद्ध पक्षको भूमिका, कम्पनीको कार्यको जानकारी तथा पारदर्शिता र सञ्चालक समितिको जिम्मेवारीबारे स्पष्ट व्यवस्था गरेको आदिलाई लिने गरेको पाइन्छ । असल संस्थागत सुशासनका विशेषतामा सहभागितामूलक, सबै पक्षको सहमतिका आधारमा संस्था सञ्चालन गर्ने, उत्तरदायित्व लिने, पारदर्शी र जवाफदेही, प्रभावकारी, समतामूलक, समावेशी र कानुनको अक्षरशः पालना गर्ने आदि रहेको हुन्छ ।

नेपालको सिमान्तकृत गरिबीको रेखामुनिका वर्गलाई आर्थिक उपार्जनको लागि आवश्यक ज्ञान, सीप तथा वित्तीय सहयोग पुऱ्याउने लक्ष्यले लघुवित्त संस्थाहरू सञ्चालनमा आएका हुन् । हाल सञ्चालनमा रहेका लघुवित्त वित्तीय संस्थाहरू मध्ये कतिपय संस्थाहरू विगतमा नाफा कमाउने नपर्ने गैर सरकारी संस्थाबाट रूपान्तरण भएका छन् भने कतिपय संस्थाहरू नाफामूलक बैंक तथा वित्तीय संस्थाले खोलेको सहायक कम्पनीको रूपमा सञ्चालित छन् । त्यस्तै, कतिपय संस्थामा शेयर बजारमा लघुवित्त संस्थाहरूको बढी बजार मूल्यबाट आकर्षित भई संस्था स्थापना गरेका छन् । यी विविध कारणले आकर्षित भई खोलिएका संस्थामा संस्थागत सुशासन कायम गराउन संस्थाको सञ्चालक समितिको भूमिका महत्वपूर्ण रहेको हुन्छ ।

नेपाल सञ्चालित लघुवित्त वित्तीय संस्थाहरूले संस्थागत सुशासनका विविध पक्षको पालना गर्नका लागि विभिन्न नीति, ऐन, नियम तथा कानुनहरूमा स्पष्ट व्यवस्था गरिएको छ। संस्थागत सुशासनको पालनाका लागि कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशनहरू, नेपाल धितोपत्र बोर्डले सूचीकृत संगठित संस्थाहरूलाई जारी गरिएको सुशासन सम्बन्धी निर्देशिका, २०७४ जारी गरी लागू गरेको छ। सो नियम तथा निर्देशिकाबाट सञ्चालक समितिको संरचना, सञ्चालकको योग्यता, अयोग्यता, काम, कर्तव्य र अधिकारहरू, विभिन्न समितिमा सञ्चालकको काम कर्तव्य र अधिकार आदि विषयमा स्पष्ट व्यवस्था गरिएको छ ।

कम्पनी ऐन, २०६३ को दफा १०९ मा कम्पनीको वार्षिक साधारण सभा हुनु भन्दा ३० दिनपहिले नै आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । आर्थिक विवरणमा सञ्चालक समितिका सदस्यहरूलाई दिएको पारिश्रमिक, व्यवस्थापन खर्च, लेखापरीक्षण समितिका सदस्यहरूको पारिश्रमिक, गतिविधि आदि विवरण उल्लेख गर्नुपर्ने व्यवस्था छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २२ को उपदफा २ मा बैंक वा वित्तीय संस्थामा उपयुक्त संस्थागत सुशासन कायम गरी निक्षेप लिने, कर्जा दिने, लगानी गर्ने, कर्मचारी व्यवस्थापन गर्ने र बजेट खर्च गर्ने जस्ता बैंक वा वित्तीय संस्थाको दैनिक काम कारोबारमा हस्तक्षेप नगर्ने विषयको प्रत्याभूति गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ भन्ने व्यवस्था रहेको छ।

नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशनमा संस्थागत सुशासन सम्बन्धमा सञ्चालकले पालना गर्नु पर्ने आचरण, सञ्चालक/सञ्चालक समितिको कर्तव्य र उत्तरदायित्व, कार्यकारी प्रमुखको नियुक्ति सम्बन्धी व्यवस्था, कर्मचारीले पालना गर्नुपर्ने आचरण, कर्मचारी दक्षता अभिवृद्धि कार्यक्रम, आन्तरिक समिति/उपसमिति गठन तथा जिम्मेवारी, सञ्चालक, सेयरधनी, कर्मचारी एवम् निजसँग सम्बन्धित फर्मलाई कर्जा प्रदान गर्न बन्देज, सम्पत्ति विवरण तथा स्वघोषणा सम्बन्धी व्यवस्था, सञ्चालक/सञ्चालक समितिको कर्तव्य र उत्तरदायित्व, सञ्चालकले

पाउने सुविधा आदि सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । सेयर विनिमय बजारमा सूचीकृत संस्थाहरूले पालना गर्नुपर्ने संस्थागत सुशासनका मापदण्डहरू संलग्न गरी निर्देशिका तयार गरी नेपाल धितोपत्र बोर्डले कार्यान्वयनमा ल्याएको छ । उक्त निर्देशिकामा संस्थाले संस्थागत सुशासनका मापदण्ड, खुलासा तथा जानकारी गराउनु पर्ने विषय, साधारण सभा र लेखापरीक्षण सम्बन्धी विषयहरूलाई समेटेको पाइन्छ ।

नेपालका लघुवित्त वित्तीय संस्थाहरूमा संस्थागत सुशासनको अवस्था तथा सञ्चालकको भूमिकाको सम्बन्धमा संस्थाको सेयर सदस्यहरूबाट साधारण सभामार्फत विश्लेषण गरिरहेको हुन्छ । नेपाल राष्ट्र बैंकबाट नियमित रूपमा गरिने स्थलगत निरीक्षण तथा सुपरिवेक्षणको क्रममा समेत संस्थागत सुशासन सम्बन्धी व्यवस्थाको पालना तथा सञ्चालकको भूमिकाको बारेमा अध्ययन गरेको पाइन्छ । संस्थाको सञ्चालक समितिमा संस्थागत सुशासन भए नभएको सम्बन्धमा हेर्ने सूचकलाई निम्न अनुसार देखाउन सकिन्छ ।

१. **सञ्चालक समितिको संरचना र विशेषताहरू :**
संस्थामा संस्थागत सुशासनसँग सम्बन्धित ऐन, नियम, कानुनमा तोकिएको सञ्चालकको सङ्ख्या, योग्यता र अनुभवका आधारमा सञ्चालकहरू नियुक्त गरे नगरेको, विज्ञ एवम् स्वतन्त्र सञ्चालक नियुक्ति तथा भूमिका, सञ्चालकहरू संलग्न रहेको समितिको संख्या र उक्त समितिले संस्थाको नियन्त्रणात्मक कार्यहरूमा गरेको क्रियाशीलता आदिका आधारमा संस्थाको सुशासन स्थितिको आँकलन गर्न सकिन्छ ।

२. **सञ्चालक समितिको गतिविधि एवम् संलग्नता**
सञ्चालक समितिको बैठक संख्या, सञ्चालकहरूको बैठकमा उपस्थिति र सक्रियता, संस्थाका नीतिहरू निर्माण तथा संशोधन गर्दा सञ्चालकहरूको योगदान, संस्थाका नियन्त्रणात्मक निकायहरूको कार्यका लागि संस्थाले दिएका अख्तियारी एवं स्वायत्तता आदिका आधारमा संस्थाको सुशासन स्थितिको आँकलन गर्न सकिन्छ ।

३. **जोखिम व्यवस्थापन**
सञ्चालक समितिका अध्यक्ष, सदस्यहरू संस्थाको व्यावसायिक गतिविधिमा संलग्न नरही व्यावसायिक नीति निर्माण तथा नियन्त्रणात्मक कामकारवाहीमा र प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन पक्षहरूले संस्थाको व्यवसाय प्रवर्द्धन कार्यमा देखिने जोखिम व्यवस्थापनमा संलग्न रहे नरहेको, संस्थाको जोखिम व्यवस्थापन तथा लेखापरीक्षण स्थिति आदिका आधारमा संस्थाको सुशासन स्थितिको आँकलन गर्न सकिन्छ ।

४. **संस्थाको उच्च व्यवस्थापन तथा कर्मचारीको कामकारवाही**
संस्थाको उच्च व्यवस्थापन तथा कर्मचारीहरू व्यवसायजन्य कामकारवाहीमा संलग्न रहने भएकाले तिनले पालना गर्नुपर्ने आचारसंहिता, सम्पत्ति विवरण र वित्तीय स्वार्थ रहेका विवरणको स्वघोषणा गरे नगरेको आधारमा संस्थाको सुशासन स्थितिको आँकलन गर्न सकिन्छ ।

५. **पारदर्शी व्यावसायिक गतिविधि र खुलासा**
संस्थाको व्यावसायिक गतिविधि पारदर्शी रूपमा सञ्चालन गरे नगरेको र संस्थाको गतिविधि तथा वित्तीय विवरण नियमित रूपमा प्रकाशन गर्ने गरे नगरेको आधारमा संस्थाको सुशासन स्थितिको आँकलन गर्न सकिन्छ ।

नेपाल राष्ट बैंकवाट नियमित रूपमा गरिने स्थलगत निरीक्षणमा लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिमा संस्थागत सुशासनसँग सम्बन्धित विभिन्न कमीकमजोरीहरू उठान भएको पाइन्छ । संस्थाका सञ्चालकहरूका लागि तोकिएको संख्या तथा योग्यता नपुगेका सञ्चालक नियुक्त गरिनु, सञ्चालक समितिको बैठक नियमित रूपमा नबस्नु, सञ्चालकहरू संस्थाको व्यावसायिक गतिविधिहरूमा संलग्न रहनु, संस्थाको आन्तरिक लेखापरीक्षण कार्यलाई स्वायत्त नबनाइनु, संस्थामा जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी नबनाइनु, सञ्चालकले संस्था सञ्चालनका लागि आवश्यक पर्ने पर्याप्त नीति, निर्देशिकाहरू तयार नगरिनु, संस्थाका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत लगायत उच्च पदाधिकारीहरूको विदेश भ्रमण खर्च र सोको उपयोगिताको विश्लेषण नगरी विदेश भ्रमण गरिनु, संस्थाका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत लगायतका कर्मचारीले आचरणको पालना नगर्नु, कर्जा लिएको स्वघोषणा, सम्पतिको स्वघोषणा आदि विवरणहरू संस्थामा अध्यावधिक गर्ने नगरिनु आदि कमीकमजोरी उक्त निरीक्षण प्रतिवेदनमा औंल्याइएको देखिन्छ । यस प्रकारका कमी कमजोरीको सुधार गर्ने प्रमुख दायित्व संस्थाको सञ्चालक समितिमा रहने भएकोले संस्थागत सुशासन कायम गर्नका लागि अवलम्बन गरिने क्रियाकलापलाई कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी संस्थाको सञ्चालक समितिमा रहेको हुन्छ ।

कुनै पनि नियामक निकायबाट जारी गरिने नियम तथा निर्देशनहरू विश्वभरमा प्रचलित अन्तर्राष्ट्रिय अभ्यास, प्रचलन एवम् मान्यताका आधारमा जारी गरिएको हुन्छ । संस्थागत सुशासनसँग सम्बन्धित निर्देशनहरू पालना गर्ने वातावरण तयार गर्ने प्रमुख जिम्मेवारी सञ्चालक समितिमा रहेको हुन्छ । संस्थामा नियामक निकायबाट गरिने सुपरिवेक्षणको क्रममा औंल्याइएका कमीकमजारीको समयमै सुधार गरी सोको अक्षरशः पालना गरेबाट संस्थाका नियामक निकाय, ग्राहक, सेयरधनी लगायत सबै सरोकारवालाको एवम् संस्थाप्रतिको विश्वास बढ्न जाने देखिन्छ र यसको मुख्य जिम्मेवारी एवं भूमिका सञ्चालक समितिमा रहन्छ ।

# गभर्नरको कार्यालयद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना

नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयले २०७७ पुस महिनामा दुई वटा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

भर्चुअल माध्यमबाट पुस ३ गते आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक किरणराज पण्डितले 'वित्तीय ग्राहक संरक्षण' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । यस क्रममा निर्देशक पण्डितले वित्तीय ग्राहक संरक्षणको अवधारणा, महत्व, अन्तर्राष्ट्रिय अभ्यास, सो सम्बन्धमा राष्ट्र बैंकले अवलम्बन गरेका नीतिगत तथा संस्थागत व्यवस्था, यसको कार्यान्वयनमा देखिएका चुनौती र भावी कार्यदिशा लगायतका विषयमा जानकारी दिनुभयो ।

यसैगरी, पुस १७ गते आयोजित ज्ञान आदानप्रदान कार्यक्रममा अर्थ मन्त्रालयका आर्थिक सल्लाहकार डा.प्रकाशकुमार श्रेष्ठले 'नेपालमा वित्तीय समावेशीकरण: अवधारणा, सन्दर्भ र व्यवधानहरू' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले वित्तीय समावेशीकरणको परिचय, वित्तीय समावेशीकरणको सन्दर्भमा सार्क मुलुकहरूबीचको तुलनात्मक आँकडा, नेपालमा वित्तीय समावेशीकरणको विद्यमान अवस्था, नीतिगत व्यवस्था, यसका व्यवधानहरू लगायतका विषयमा जानकारी दिनुभयो ।

दुबै कार्यक्रममा काठमाडौंस्थित विभिन्न विभाग, कार्यालयका ७० भन्दा बढी कर्मचारीको सहभागिता थियो । गभर्नरको कार्यालयका का.मु.निर्देशक नारायणप्रसाद पोखेलले कार्यक्रम सञ्चालन गर्नुभयो भने कार्यकारी निर्देशक डा.नेफिल मातङ्गि मास्केले सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# बैंकर्स प्रशिक्षण केन्द्रद्वारा विभिन्न तालिम कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंक, बैंकर्स प्रशिक्षण केन्द्रले २०७७ पुस महिनामा दुई वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ ।

यसै क्रममा केन्द्रले अनलाइन माध्यमबाट पुस ५-१० मा 'Risk Based Supervision & Basel Core Principles' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । १७ वटा सेसनमा सञ्चालित उक्त तालिममा बैंकका विभिन्न विभाग/कार्यालय, महाशाखा इकाईका ४६ जना अधिकृतहरूको सहभागिता थियो । यसै गरी, केन्द्रद्वारा पुस १९-२४ सम्म सञ्चालित 'Nepal Financial Reporting Standards (NFRS)' विषयक तालिममा ५० जना अधिकृतहरूको सहभागिता थियो । १७ वटा सेसनमा सञ्चालित उक्त तालिममा विभिन्न लेखामानको बारेमा राष्ट्र बैंक र बाह्य प्रशिक्षकहरूले वार्ता प्रस्तुत गर्नुभएको थियो ।

केन्द्रका निर्देशक आनन्द पौड्यालले दुवै तालिम कार्यक्रममा उद्घाटन मन्तव्य राख्नुभयो भने उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले तालिमको संयोजन गर्नुभएको थियो । केन्द्रका सहायक निर्देशकद्वय नरेशकुमार अधिकारी र हरिगोविन्द महर्जनले तालिम सञ्चालन गर्नुभएको थियो ।

# क्यूआर कोड भुक्तानीलाई.......

राष्ट्र बैंकका कार्यकारी निर्देशकहरू भुवन कडेल, देवकुमार ढकाल, मुकुन्दकुमार क्षेत्री, डा.गुणाकर भट्ट, बमबहादुर मिश्र, निर्देशक रोशनकुमार सिग्देललगायतको उपस्थिति थियो ।

यसैगरी, गभर्नर अधिकारीले पुस २४ गते कालिमाटी फलफूल तथा तरकारी बजारमा क्यूआर कोडबाट हुने भुक्तानी कारोबारको शुभारम्भ गर्नुभयो । सो अवसरमा उहाँले कालिमाटी बजारमा क्यूआर कोडको प्रयोगले नयाँ सन्देश प्रवाह गरेको धारणा राख्नुभयो । विद्युतीय भुक्तानीको प्रयोगले सुशासनलाई समेत प्रवर्द्धन गर्ने उहाँको भनाई थियो ।

कालिमाटी तरकारी तथा फलफूल विकास समिति र प्रभु बैंक लिमिटेडको समन्वयमा क्यूआर कोड सेवा सुरु भएको हो ।

नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागको पछिल्लो आँकडा अनुसार, २०७७ मङ्सिर महिनामा क्यूआर कोडमार्फत ३ लाख ४३ हजार ५७४ वटा कारोबारहरू भएका छन् । क्यूआर कोडमार्फत हुने भुक्तानी कारोबार पछिल्लो समयमा लोकप्रिय बन्दै गएको छ ।

# अवकाश

विदेशी विनिमय व्यवस्थापन विभागका कार्यालय सहयोगी (प्रथम) शान्ति कार्की र सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कार्यालय सहयोगी (प्रथम) सुकु महर्जनले २०७७ पुस १ देखि बैंक सेवाबाट अवकाश प्राप्त गर्नुभएको छ । उहाँहरू ३० वर्षे सेवा अवधिका कारण अवकाश पानुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ ।

*प्रकाशक*
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

*सम्पादक*
डा. भागवत आचार्य

*सम्पादन सहयोगी*
विष्णुप्रसाद फुयाल
लालकुमार सुवेदी
नवीना ताम्राकार